# सरकारी वकीलका लागि अभियोजन सीप सम्बन्धी प्रशिक्षण कार्यक्रमको पाठ्यक्रम, २०७८

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू,

**विषयसूची**


| विषय | | पेज |
|---|---|---|
| **भाग १**<br>**प्रारम्भिक** | | |
| पृष्ठभूमी | | ३ |
| पाठ्यक्रमको परिचय | | ४ |
| प्रशिक्षण पाठ्यक्रमको लक्ष्य र उद्देश्य | | ४ |
| सहभागिता, सहभागी संख्या र अवधि | | ४ |
| पाठयक्रमको संरचना | | ५ |
| पाठ्यक्रमका मोड्युल वा सत्रहरु | | ६ |
| सत्र सञ्चालन विधि र प्रशिक्षण मूल्याङ्कन | | ६ |
| **भाग २**<br>**मोड्यूल तथा सत्रहरु** | | |
| **मोड्यूल १** | **अभियोजनका सिद्धान्त तथा नीति** | |
| सत्र १ | अभियोजनका अवधारणा र सिद्धान्तहरु | ७ |
| सत्र २ | अभियोजन सम्बन्धी कानूनी व्यवस्था र अभियोजनको स्वतन्त्रता | ७ |
| सत्र ३ | अभियोजन नीति तथा मार्गदर्शन | ७ |
| **मोड्यूल २** | **अभियोजन सम्बन्धी कानून र व्यवहार** | |
| सत्र १ | सरकार वादी फौजदारी मुद्दाको प्रभावकारी अभियोजनका लागि व्यवस्था गरिएका संयन्त्रहरू र सरकारी वकीलको भूमिका | ८ |
| सत्र २ | अपराध अनुसन्धानमा सरकारी वकीलको भूमिका | ८ |
| सत्र ३ | सजायको छुट सम्बन्धी कानूनी व्यवस्था र प्रयोग | ९ |
| सत्र ४ | मुलुकी फौजदारी कार्यविधि संहिताले अभियोजनका सम्बन्धमा गरेका थप व्यवस्थाहरू | ९ |

| | | |
|---|---|---|
| सत्र ५ | सरकार वादी फौजदारी मुद्दामा भौतिक प्रमाण परीक्षण र विश्लेषण | ९ |
| सत्र ६ | अभियोजनको निर्णय गर्दा ध्यान दिनु पर्ने विषयहरू | १० |
| सत्र ७ | अभियोगपत्र तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू | १० |
| **मोड्यूल ३** | **अभियोजन सम्बन्धी अभ्यास** | |
| सत्र १ | अपराध अनुसन्धानमा सरकारी वकीलले दिने निर्देशन र सरकारी वकीलको संलग्नता सम्बन्धी व्यावहारिक अभ्यास | ११ |
| सत्र २ | सरकारी वकील समक्ष हुने बयान सम्बन्धमा व्यावहारिक अभ्यास | ११ |
| सत्र ३ | अभियोगपत्र मस्यौदा लेखन सम्बन्धी व्यावहारिक अभ्यास-१ | ११ |
| सत्र ४ | अभियोगपत्र मस्यौदा लेखन सम्बन्धी व्यावहारिक अभ्यास-२ (पृष्ठपोषण समेत) | ११ |
| सत्र ५ | नेपालमा अभियोजनको वर्तमान अवस्था: समस्या, चुनौती र समाधानका उपायहरू (प्यानल छलफल) | १२ |
| **सन्दर्भ सामग्री** | | १३ |

# भाग एक
# प्रारम्भिक

## १.१ पृष्ठभूमी

जनशक्तिमा भइरहेको ज्ञानमा थप अभिवृद्धि गर्ने, जनशक्तिलाई काममा सीपयुक्त बनाउने र कार्यशैलीमा सकारात्मक परिवर्तन ल्याउन प्रशिक्षण एक महत्वपूर्ण साधन हो। जुनसुकै संगठनमा काम गर्ने जनशक्तिलाई प्रशिक्षण निरन्त आवश्यकता रहन्छ। नियमित न्यायिक शिक्षाद्वारा न्यायाधीश, न्याय सेवाका अधिकृत तथा कर्मचारी, कानून व्यवसायी लगायत न्याय र कानूनका क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना भएको हो। प्रतिष्ठानको स्थापनाकालदेखि नै न्यायाधीश लगायत विभिन्न जनशक्तिलाई लक्षित गरी प्रतिष्ठानले सेवाप्रवेश/आधारभूत, सेवाकालीन, विषयगत तथा विशिष्टकृत प्रशिक्षणको आयोजना गरी रहेको छ। नागरिक र नागरिकबिच तथा नागरिक र राज्यबिच उत्पन्न हुने विभिन्न विवादको शान्तीपूर्ण निरुपणले समाजमा शान्ति सुव्यवस्था कायम रहन्छ । नेपालको संविधानले यही कुरालाई आत्मसात गर्दै न्याय प्रशासन तथा सम्पादनको अविभारा न्यायपालिकालाई सुम्पिएको छ। न्याय प्रशासन तथा सम्पादन गर्ने काम आफैंमा विशिष्ट, जटिल र शीप तथा दक्षतामूलक काम हो। न्याय गरेर मात्र हुँदैन गरेको देखिनु पर्छ भन्ने उक्तिवाट नै न्याय सम्पादन गर्ने कार्यमा गुणवत्ता आवश्यक पर्ने कुरालाई दर्शाउछ । न्यायपालिकावाट हुने न्याय सम्पादनको कार्यमा गुणस्तरीयता कायम गर्ने विभिन्न उपायहरुमध्ये न्यायाधीशको कार्यक्षमता अभिवृद्धी गरी दक्ष र शीपयुक्त बनाउनु पनि एक महत्वपूर्ण उपाय हो। कार्यक्षमता अभिबृद्धी गर्ने माध्यम प्रशिक्षण पनि भएकाले न्यायपालिकाले यसमा जोड दिएको छ।

सरोकारवाला निकाय र पदाधिकारीहरुको आवश्कता, न्याय र कानूनका आएका नविनतम् अवधारणा, कार्यविधिगत एकरुपता र व्यवसायिक दक्षतालाई केन्द्रविन्दु राखी प्रशिक्षण आयोजना गर्ने गरेको छ। यसरी कार्यक्रम तयार गर्दा वैज्ञानिक प्रशिक्षण पद्दतीलाई अवलम्बन गर्दै आएको छ। प्रतिष्ठनले प्रशिक्षण चक्रको पद्दतीलाई आत्मसाथ गर्दै सम्बन्धित सरोकारवाला निकाय र सम्भावित सहभागीहरुको आवश्कताको पहिचान गर्ने र सोही आधारमा पाठ्यक्रमहरु निर्धारण गरी कार्यक्रम सञ्चालन आयोजना गर्ने गरेको छ। कार्यक्रम आयोजनाको दौरानमा गरेका मूल्याङ्कन, पृष्ठपोषण, अनुभब र सिकाईबाट पुन: पाठ्यक्रमको परिमार्जन हुने गरेको छ।

## १.२ पाठ्यक्रमको परिचय

सरकारी वादी फौजदारी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने लक्ष्यका साथ महान्यायाधिवक्ता कार्यालयको पञ्चवर्षिय रणनीतिक योजनाको अन्तिम वर्ष (२०७७/०७८) लाई "अभियोजन सुधार वर्ष" को रुपमा घोषणा गरिएको छ। यसै सन्दर्भमा सरकारी वकीलको ज्ञान, सीप र क्षमता अभिवृद्धि गरी अभियोजन सम्बन्धी कार्य सम्पादनलाई प्रभावकारी र व्यवसायीक बनाउने हेतुले यो पाठ्यक्रम निर्माण गरिएको छ।

## १.३ प्रशिक्षणको लक्ष्य र उद्देश्य

यस प्रशिक्षण कार्यक्रमको लक्ष्य र उद्देश्य देहाय बमोजिम रहेको छ।

**१.३.१ लक्ष्य:** अभियोजनमा सुधार ल्याउनु यस कार्यक्रमको लक्ष्य रहेको छ।

**१.३.२ उद्देश्य:** प्रशिक्षणको अन्त्यमा सहभागी सरकारी वकीललाई देहायका विषयमा ज्ञान र सीप अभिवृद्धि गराउने यस प्रशिक्षणको उद्देश्य रहेको छ।

- अभियोजनको अवधारणा, नीतिहरू कानूनी व्यवस्था र पक्षका बारेमा जानकारी गराउने,
- अभियोजन सम्बन्धमा विद्यमान अवस्था र उत्तम अभ्यासका बारेमा जानकारी गराउने,
- अभियोजनको निर्णय तथा मस्यौदा लेखन सीपमा दक्षता अभिवृद्धि गराउने।

## १.४ सहभागिता, सहभागी संख्या र अवधि

बिशेष गरी सरकारी वकीलहरुलाई लक्षित गरी सञ्चालन हुने यो प्रशिक्षण कार्यक्रमका लक्षित समूह, सहभागी संख्या र कार्यक्रमको अवधि देहाय बमोजिम हुनेछ,

**१.४.१ सहभागिता**: प्रशिक्षणका सहभागीहरु नेपाल न्याय सेवा, सरकारी वकील समूहका सरकारी वकील हुनेछन्।

**१.४.२ सहभागी संख्या**: एक (१) प्रशिक्षणमा जम्मा पच्चीस (२५) देखि तीस (३०) जनाको सहभागिता हुनेछ।

**१.४.३ अवधि**: यस प्रशिक्षणको अवधि पाँच (५) कार्य दिनको हुनेछ। एक दिनमा तीन (३) सत्र समावेश गरिनेछ। एक (१) सत्रको समय एक घण्टा तीस मिनेटको हुनेछ। अन्तरक्रियात्मक सत्रको समय दुई घण्टाको हुनेछ।

## १.५ पाठयक्रमको संरचना

प्रस्तुत पाठयक्रम सरकारी वकीललाई अभियोजनसँग सम्बन्धित ज्ञान, सीप, अनुभव प्रदान गर्ने गरी र कार्य सम्पादनको बेला सामना गर्नुपर्ने समस्याको जानकारी हुने गरी तय गरिएको छ। पाठ्यक्रममा आवश्यकताका आधारमा सैद्धान्तिक र व्यावहारिक सत्रहरु राखिएका छन्। पाठ्यक्रमको पहिलो भागमा प्रारम्भिक विषयहरु (पृष्ठभूमी, लक्ष्य, उद्देश्य, सहभागिता, प्रशिक्षण अवधि, प्रशिक्षण मूल्याङ्कन लगायतका विषयहरू) रहेको छ । दोस्रो भागमा प्रशिक्षणका मोड्यूल बमोजिमका सत्रहरु समावेश गरिएका छन्। पाठ्यक्रमको अन्त्यमा सन्दर्भ सामग्रीको विवरण रहेको छ।

## १.६ पाठ्यक्रमका मोड्युल वा सत्रहरु

यस प्रशिक्षणमा देहाय बमोजिम तीन (३) वटा मोड्युल अन्तर्गत पन्ध्र (१५) वटा सत्रहरु समावेश गरिएको छ।

### १.६.१ मोड्यूल एकः अभियोजनका सिद्धान्त तथा नीति

सत्र एकः अभियोजनका अवधारणा र सिद्धान्तहरु

सत्र दुईः अभियोजन सम्बन्धी कानूनी व्यवस्था र अभियोजनको स्वतन्त्रता

सत्र तीनः अभियोजन नीति तथा मार्गदर्शन

### १.६.२ मोड्यूल दुईः अभियोजन सम्बन्धी कानून र व्यवहार

सत्र एकः सरकार वादी फौजदारी मुद्दाको प्रभावकारी अभियोजनका लागि व्यवस्था गरिएका संयन्त्रहरू र सरकारी वकीलको भूमिका

सत्र दुईः अपराध अनुसन्धानमा सरकारी वकीलको भूमिका

सत्र तीनः सजायको छुट सम्बन्धी कानूनी व्यवस्था र प्रयोग

सत्र चारः मुलुकी फौजदारी कार्यविधि संहिताले अभियोजनका सम्बन्धमा गरेका थप व्यवस्थाहरू

सत्र पाँचः सरकार वादी फौजदारी मुद्दामा भौतिक प्रमाण परीक्षण र विश्लेषण

सत्र छः अभियोजनको निर्णय गर्दा ध्यान दिनु पर्ने विषयहरू

सत्र सातः अभियोगपत्र तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू

### १.६.३ मोड्यूल तीनः अभियोजन सम्बन्धी अभ्यास

सत्र एकः अपराध अनुसन्धानमा सरकारी वकीलले दिने निर्देशन र सरकारी वकीलको संलग्नता सम्बन्धी व्यावहारिक अभ्यास

सत्र दुईः सरकारी वकील समक्ष हुने बयान सम्बन्धमा व्यावहारिक अभ्यास

सत्र तीनः अभियोगपत्र मस्यौदा लेखन सम्बन्धी व्यावहारिक अभ्यास-१

सत्र चारः अभियोगपत्र मस्यौदा लेखन सम्बन्धी व्यावहारिक अभ्यास-२ (पृष्ठपोषण समेत)

सत्र पाँचः नेपालमा अभियोजनको वर्तमान अवस्था: समस्या, चुनौती र समाधानका उपायहरू (प्यानल छलफल)

**१.७ प्रशिक्षण सञ्चालन विधि र प्रशिक्षण मूल्याङ्कन**

बजेट तथा समय अनुसार प्रशिक्षण आवासीय तथा गैरआवासीय रुपमा सञ्चालन गर्न सकिनेछ। प्रशिक्षणका प्रशिक्षक/श्रोत व्यक्ति चयन गर्दा प्रतिष्ठानको नियमानुसार सूचीकृत प्रशिक्षक तथा विज्ञ व्यक्तिबाट चयन गरिनेछ। प्रशिक्षकले सत्र सञ्चालन गर्दा वयस्क प्रशिक्षण विधि अवलम्बन गर्नु पर्नेछ। समग्र प्रशिक्षण, श्रोत व्यक्ति र सहभागीहरुको मूल्याङ्कन हुनेछ। आवश्यकताका आधारमा पूर्व प्रशिक्षण मूल्याङ्कन, प्रशिक्षण पश्चातको मूल्याङ्कन, प्रशिक्षण सत्रको मूल्याङ्कन र समग्र प्रशिक्षणको मूल्याङ्कन प्रतिष्ठानले तोकेको ढाँचा बमोजिम हुनेछ।

# भाग दुई

## मोड्यूल र सत्र

### २.१ मोड्यूल एक: अभियोजनका सिद्धान्त तथा नीति

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १. | **अभियोजनका अवधारणा र सिद्धान्तहरु** | • अभियोजनको अवधारणा<br>• अभियोजनात्मक र अन्वेषणात्मक प्रणाली<br>○ Opportunity Principle (Common Law System)<br>○ Mandatory Principle (Civil Law System<br>• अभियोजनका सिद्धान्तहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २. | **अभियोजन सम्बन्धी कानूनी व्यवस्था र अभियोजनको स्वतन्त्रता** | • अभियोजन सम्बन्धी संवैधानिक र कानूनी व्यवस्थाहरु<br>• मुद्दा चलाउने, नचलाउने सम्बन्धी निर्णय र प्रक्रिया (आंशिक र तामेली समेत)<br>• अभियोजनको स्वायत्तता, स्वतन्त्रता, उत्तरदायित्व र जवाफदेहिता<br>• व्यावसायिक उन्मुक्तिहरु र सरकारी वकीलको आचार संहिता<br>• अधिकार प्रत्यायोजन सम्बन्धी अभ्यास र सोको प्रयोग | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ३ | **अभियोजन नीति तथा मार्गदर्शन** | • अभियोजन नीति<br>• अभियोजनका आधारहरु<br>• अभियोजन सम्बन्धी मार्गदर्शन<br>• अभियोजन सम्बन्धी नीति र मार्गदर्शनको प्रयोग<br>• कार्यान्वयनको सन्दर्भमा भएका प्रयासहरू | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

## २.२ मोड्यूल एक: अभियोजन सम्बन्धी कानून र व्यवहार

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १ | **सरकार वादी फौजदारी मुद्दाको प्रभावकारी अभियोजनका लागि व्यवस्था गरिएका संयन्त्रहरू र सरकारी वकीलको भूमिका** | • समन्वय समिति<br>• कार्यालयगत समन्वय समितिहरू<br>• अभियोजन सहजीकरण समिति<br>• बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गरेको कसूरको अनुसन्धान समिति (फौ. का. सं. दफा १८९ (१))<br>• आवधिक रुपमा सरोकारवाला निकायहरूसँग हुने छलफल/अन्तर्क्रिया<br>• महान्यायाधिवक्ता र मातहत सरकारी वकीलको भूमिका, अन्तर सम्बन्ध र समन्वय (समन्वयका सन्दर्भमा भएका विभागीय निर्देशनहरू ) | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २ | **अपराध अनुसन्धानमा सरकारी वकीलको भूमिका** | • जाहेरी दरखास्त दर्ता<br>• भ्रमपूर्ण, झुट्टा वा काल्पनिक सूचनाको तामेली<br>• म्याद थप<br>• प्रारम्भिक प्रतिवेदन र निर्देशन<br>• शंकितको बयान (स्वच्छ सुनुवाईको मान्यतामा जोड)<br>• हाजिर जमानी<br>• थप अनुसन्धान गर्न निर्देशन<br>• महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको सान्दर्भिक परिपत्रहरु<br>• अनुसन्धानमा सरकारी वकीलको भूमिका सम्बन्धमा न्यायिक दृष्टिकोण | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| ३ | **सजायको छुट सम्बन्धी कानूनी व्यवस्था र प्रयोग** | • सजायको छुटको अवधारणा<br>• सजायको छुटको सम्बन्धमा अपराध संहिता फौजदारी कार्यविधि संहितामा भएका व्यवस्थाहरू<br>• सजायको छुटको सम्बन्धमा विशेष ऐनमा भएका व्यवस्थाहरू<br>• सजायको छुट सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था, समस्या र चुनौतिहरु | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ४ | **मुलुकी फौजदारी कार्यविधि संहिताले अभियोजनका सम्बन्धमा गरेका थप व्यवस्थाहरू** | • सानातिना कसूरमा मुद्दा नचलाउने सम्बन्धी आधारहरू<br>• खास किसिमका सानातिना कसूरमा मुद्दा नचलाउने गरी निर्णय गर्न सक्ने (दफा ३४)<br>• थप दावी लिन सकिने (दफा ३५)<br>• अभियोग पत्र संशोधन गर्न सक्ने (दफा ३६)<br>• साना तिना त्रुटि सच्याउनका लागि अदालत समक्ष निवेदन दिन सकिने (दफा ३७) | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ५ | **सरकार वादी फौजदारी मुद्दामा भौतिक प्रमाण परीक्षण र विश्लेषण** | • परीक्षण प्रतिवेदनका निर्धारित ढाँचाहरू र अवलम्बन<br>• भौतिक प्रमाण संकलन र परीक्षण<br>• प्रमाण परिक्षण गर्ने विज्ञ तथा निकायहरू<br>• परीक्षण प्रतिवेदनको प्राप्ति<br>• परीक्षण प्रतिवेदनको विश्लेषण<br>• परीक्षण प्रतिवेदनले अभियोजन र अभियोगपत्रको दायरीमा पार्ने प्रभाव<br>• भौतिक प्रमाण परीक्षणका सन्दर्भमा अदालतका नजिर | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| ६ | **अभियोजनको निर्णय गर्दा ध्यान दिनु पर्ने विषयहरू** | • वारदात स्थापित (*corpus delicti*)<br>• शंकितको पहिचान<br>• वारदातमा संलग्नता र समूहगत सहभागिता<br>• भौतिक प्रमाण र दशीको विश्लेषण<br>• प्रमाणको पर्याप्तताको सुनिश्चितता<br>• परीक्षण प्रतिवेदनको विश्लेषण<br>• मुख्य अभियुक्त र मतियार<br>• सम्बद्ध कानून र अभियोग स्थापित हुने आधारहरू<br>• अभियुक्तलाई हुन सक्ने सजाय (पटके तथा एकीकृत कसूरसमेत)<br>• क्षतिपूर्ति, बिगो र जफत<br>• अभियोगपत्र दायर गर्ने निकायमा अभियोजनको निर्णय सहित मिसिल फिर्ता (अनुसूची २ का कसूरका सन्दर्भमा मात्र) | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| ७ | **अभियोगपत्र तयार गर्दा ध्यान दिनुपर्ने कुराहरू** | • तथ्य, प्रमाण र कानूनको विश्लेषण<br>• अभियोगपत्रमा खुलाउनु पर्ने कुराहरू<br>• अभियोगपत्रको ढाँचाको अवलम्बन<br>• अभियोगपत्र तयारी सम्बन्धमा जारी भएका निर्देशनहरू<br>• अभियोगपत्र साथ अभियुक्त दाखिल र फरार अभियुक्तको सन्दर्भमा पक्राउ पूर्जी जारी हुने अवस्था<br>• अभियोगपत्रमा बारम्बार भएका त्रुटिहरू र सुधारका पक्षहरू | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

## २.३ मोड्यूल तीन: अभियोजन सम्बन्धी अभ्यास

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १ | **अपराध अनुसन्धानमा सरकारी वकीलले दिने निर्देशन र सरकारी वकीलको संलग्नता सम्बन्धी व्यावहारिक अभ्यास** | • प्रारम्भिक प्रतिवेदन वितरण<br>• अनसुन्धान अधिकृतलाई दिइने निर्देशनको मस्यौदा लेखन<br>• पृष्ठपोषण | १ घण्टा ३० मिनेट | व्यावहारिक अभ्यास |
| २ | **सरकारी वकील समक्ष हुने बयान सम्बन्धमा व्यावहारिक अभ्यास** | • शंकितका अधिकारको प्रत्याभूति<br>• शंकितको शारीरिक तथा मानसिक अवस्था<br>• शंकितको परिचय र पहिचान<br>• विशेष प्रकृतिका मुद्दामा सरकारी वकीलको संवेदनशीलता<br>• शंकितको बयानको सन्दर्भमा सरकारी वकीलको भूमिका र ध्यान दिनुपर्ने कुराहरू | १ घण्टा ३० मिनेट | व्यावहारिक अभ्यास |
| ३ | **अभियोगपत्र मस्यौदा लेखन सम्बन्धी व्यावहारिक अभ्यास-१** | • समूह विभाजन<br>• मिसिल वितरण<br>• छलफल<br>• अभियोगपत्र लेखन | १ घण्टा ३० मिनेट | व्यावहारिक अभ्यास |
| ४ | **अभियोगपत्र मस्यौदा लेखन** | • प्रस्तुति<br>• पृष्ठपोषण | १ घण्टा | व्यावहारिक अभ्यास |

| सत्र | विषय/शिर्षक | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| | **सम्बन्धी व्यावहारिक अभ्यास-२ (पृष्ठपोषण समेत)** | | ३० मिनेट | |
| ५ | **नेपालमा अभियोजनको वर्तमान अवस्था: समस्या, चुनौती र समाधानका उपायहरू (प्यानल छलफल)** | • अन्तरक्रियात्मक खुला छलफल<br>• जिज्ञासा संबोधन<br>• सुझाव | २ घण्टा | नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय र सर्वोच्च अदालत र मातहतका कार्यालयका प्रतिनिधिको प्यानल बनाई अन्तरक्रिया गर्ने । |

# सन्दर्भ सामग्री


## ❖ संविधान

- नेपालको संविधान (२०७२)

## ❖ ऐन

- अपराध पीडित संरक्षण ऐन, २०७५
- प्रमाण ऐन, २०३१
- फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- न्याय प्रशासन ऐन, २०७३

## ❖ नीति/नियम/निर्देशिका/अन्य सन्दर्भ सामग्री

- अभियोजन नीति तथा मार्गदर्शन, २०७७
- सजाय निर्धारण प्रकृयामा सरकारी वकीलको जिम्मेवारी सम्बन्धी मार्गदर्शन, २०७६
- फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७
- सरकारी वकील सम्बन्धी नियमावली, २०७७
- जिल्ला अदालत नियमावली, २०७५
- मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५
- महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका निर्देशिका एवम् परिपत्रहरू, महान्यायाधिवक्ताको कार्यालय, २०७६
- नेपाल राजपत्र, वैशाख १३ गते, २०७८ साल, खण्ड ७१, संख्या २ (महान्यायियधवक्ताबाट सरकारी वकीललाई अधिकार प्रत्यायोजन सम्बन्धी)
- अभियोजन जर्नल, वर्ष ३ अंक २ महान्यायाधिवक्ताको कार्यालय, २०७८
- अभियोजन जर्नल, वर्ष ३, अंक १, महान्यायाधिवक्ताको कार्यालय, २०७७
- अभियोजन जर्नल, वर्ष २, अंक १, महान्यायाधिवक्ताको कार्यालय, २०७६
- प्रमाण कानून स्रोत सामग्री, महान्यायाधिवक्ताको कार्यालय,२०७७
- सरकारी वकील दिग्दर्शन परिमार्जित स्वरुप २०७४
- नेपालका सरकारी वकीलहरूको पहिलो राष्ट्रिय सम्मेलन विशेषाङ्क, महान्यायाधिवक्ताको कार्यालय, २०७३

- नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलन, बिशेषाङ्क, महान्यायाधिवक्ताको कार्यालय, २०७५
- नेपालका सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलन, बिशेषाङ्क, महान्यायाधिवक्ताको कार्यालय, २०७७
- नजिर संग्रह, महान्यायाधिवक्ताको कार्यालय, २०७६
- Prosecution Journal vol. ४, २०७६, Office of the Attorney General
- Dr. Despina Kyprianou, Comparative, Analysis of Prosecution System (Part II): The Role of Prosecution Services in Investigation and Prosecution Principles and Polices
- Prof. Madhav Prasad Acharya, The Adversarial v. Inquisitorial Models of Justice, Kathmandu School of Law
- The Role of Public Prosecutors in the Criminal Justice System EU Rec (2000) 19
- The UN Guidelines on the Role of Public Prosecutors, 1990


❖ **सान्दर्भिक नजिरहरू**

- तेजिन्द्र न्यौपानेसमेत वि. झापा जिल्ला अदालत समेत, ने.का.प. २०७७ नि.नं. १०४३६
- नेपाल सरकार वि. सफिउर रहमान मुसलमान, ने.का.प. २०७६ नि.नं. १०३५०
- तीर्थराज दाहाल वि. काठमाडौं जिल्ला अदालत समेत, ने.का.प. २०७६ नि.नं. १०३२८
- खुलबहादुर कुँवर वि. जिल्ला प्रहरी विशेष अदालत काठमाडौंसमेत, ने.का.प. २०७६ नि.नं. १०२५०
- नेपाल सरकार वि. कुलबहादुर कार्की समेत, ने.का.प. २०७६ नि.नं. १०२४४
- धन कुमारी बस्नेत समेत वि. महान्यायाधिवक्ताको कार्यालय समेत, ने.का.प. २०७५, नि. नं. १०११४
- नेपाल सरकार वि. शिवपुजन यादव अहिरसमेत, ने.का.प. २०७५, नि. नं. १००८८
- नेपाल सरकार वि. लिला इजम लिम्बू समेत, ने.का.प. २०७५, नि. नं. १००४०
- नन्दकली बुढामगर समेत वि. जिल्ला प्रहरी कार्यालय कंचनपुर समेत, ने.का.प. २०७४ नि.नं. ९८४८
- चित्रबहादुर जि.सी. वि. नेपाल सरकार, ने.का.प. २०७३, नि. नं. ९७१२
- राजदेव मण्डल वि. नेपाल सरकार, ने.का.प. २०७३, नि. नं. ९५८९
- संजिभ गुरुङ्ग समेत वि. नेपाल सरकार, ने.का.प. २०७३ नि.नं. ९५६७
- ध्वज धामी वि. जिल्ला प्रशासन कार्यालय कञ्चनपुर समेत, ने.का.प. २०७२, नि. नं. ९३६७

- पुकार नरसिंह राणासमेत वि. महान्यायाधिवक्ताको कार्यालयसमेत, ने.का.प. २०७२, नि. नं. ९४१४
- नेपाल सरकार वि. सेतु भन्ने साबुद्दीन मियाँ, ने.का.प. २०७२, नि. नं. ९३९९
- सुमन अधिकारीसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, ने.का.प. २०७१, नि. नं. ९३०३
- मोतिलाल पोखरेल वि. पुनरावेदन अदालत, बुटवल समेत, ने.का.प. २०७१, नि. नं. ९२६७
- झलनाथ न्यौपाने वि. नेपाल सरकार, ने.का.प. २०७१ नि.नं. ९२५१
- नेपाल सरकार वि. भुनचुन भन्ने रोशनदास तत्मासमेत, ने.का.प. २०७१, नि. नं. ९१७२
- गोविन्द शर्मा बन्दी वि. महान्यायाधिवक्ताको कार्यालयसमेत, ने.का.प. २०७०, नि. नं. ९०९१
- अधिवक्ता माधवकुमार बस्नेतसमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, ने.का.प. २०७०, नि. नं. ९०५१
- अधिवक्ता ओमप्रकाश अर्याल वि. राष्ट्रिय मानव अधिकार आयोग समेत, ने.का.प. २०७०, नि. नं. ९०२९
- रामप्रवेश साहसमेत वि. पुनरावेदन अदालत, पाटनसमेत, ने.का.प. २०७०, नि. नं. ८९८९
- नारायण सिंह राजपुत समेत वि. महान्यायाधिवक्ताको कार्यालय समेत, ने.का.प. २०७०, नि. नं. ८९४९
- महेश चापागाई वि. नेपाल सरकार, ने.का.प. २०६९, नि. नं. ८८७४
- दुर्गाबहादुर बस्नेत वि. नेपाल सरकार, ने.का.प. २०६९, नि. नं. ८८३९
- सीता कैनी वि. जिल्ला प्रहरी कार्यालय तनहुँ, ने.का.प. २०६९ नि.नं. ८८३७
- दीपक राई समेत वि. नेपाल सरकार, ने.का.प. २०६९, नि. नं. ८७५८
- नन्दादेवी जोशी वि. नेपाल सरकार, ने.का.प. २०६९ नि. नं. ८७६०
- रोशना खातुन वि. महान्यायाधिवक्ताको कार्यालय, मुद्दा नं. ०६५-W0-००३८, आदेश मिति २०६९।०२।१६
- नेपाल सरकार वि. धौलादेवी विष्ट, ने.का.प. २०६८, नि.नं. ८६६८
- सुनिताकुमारी गौतम (बटाला) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, ने.का.प. २०६८, नि. नं. ८६३८
- नेपाल सरकार वि. सुरेश मित्तल, ने.का.प. २०६८, नि. नं. ८६२६
- सुन्तली धामी (शाह) वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, ने.का.प. २०६८, नि. नं. ८५४१
- अधिवक्ता ज्योती लम्साल पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, ने.का.प. २०६७, नि. नं. ८५०७

- दीलिपकुमार यादव वि.अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेत, ने.का.प. २०६७, नि. नं. ८४८४
- अधिवक्ता नीलम पौडे समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, ने.का.प. २०६७, नि. नं. ८४७३
- पृथ्वीबहादुर खड्का वि. नेपाल सरकार, ने.का.प. २०६७, नि. नं. ८४३३
- शेष रईस आलम वि. नेपाल सरकार, ने.का.प. २०६७ नि. नं. ८३१८
- एडभोकेसी फोरम वि. गृह मन्त्रालय समेत, ने.का.प. २०६६ नि.नं. ८२६६
- नेपाल सरकार वि. मगरे खाँ, ने.का.प. २०६६ नि. नं. ८२४३
- एड्भोकेसी फोरम वि. महानगरीय प्रहरी परिसर, हनुमानढोकासमेत, ने.का.प. २०६६, नि. नं. ८२२१
- कमलेश द्विवेदी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, ने.का.प. २०६६, नि. नं. ८१३९
- अधिवक्ता राजेन्द्र घिमिरे समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, ने.का.प. २०६६, नि. नं. ८१०१
- हादी जाबेर हबीब वि. गृह मन्त्रालय समेत, ने.का.प. २०६६, नि. नं. ८०५५
- नेपाल सरकार वि. कृष्णबहादुर लामा, ने.का.प. २०६५, नि. नं. ८०२२
- नेपाल सरकार वि. पारसनाथ पाठक समेत, ने.का.प. २०६५, नि. नं. ८०१४
- अधिवक्ता धनञ्जय खनाल वि. प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समेत, ने.का.प. २०६४, नि. नं. ७९०२
- राजेन्द्र महर्जन वि. नेपाल सरकार, ने.का.प. २०६३, नि. नं. ७७८८
- प्र. स. नि.कृष्णबहादुर गुरुङको प्रतिवेदन वि. अमिचन राउतसमेत, ने.का.प. २०६१, नि. नं. ७४२४
- मधुसूदन भट्टराई वि. नरेन्द्रबहादुर चन्द समेत, ने.का.प. २०५९, नि. नं. ७०८२
- बद्रीबहादुर कार्की वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग समेत, ने.का.प. २०५८, नि. नं. ७००१
- पुनरावेदन सरकारी वकील कार्यालय नेपालगञ्ज वि. राजु थापा, ने.का.प. २०५७, नि. नं. ६९५३
- देव शाक्य समेत वि. काठमाडौं जिल्ला अदालत समेत, ने.का.प. २०५४, नि. नं. ६३८६
- हेमराज पिके वि. नेपाल सरकार, ने.का.प. २०४९, नि. नं. ४५३९
- श्री ५ को सरकार वि. बुद्धिलाल चौधरी थारु समेत, ने.का.प. २०४६, नि. नं. ३७४६

- कानून चौधरी थारु वि. मगली थरुनी समेत, ने.का.प. २०३१, नि. नं. ८१७